पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर ।

: ५३२०२२/५३४८०० (Ext.111)
फ्याक्स : ९७७-२१-५२८४९१
इमेल : puoemgt@wlink.com.np

मितिः २०८०/०५/२४

श्री प्राचार्य/क्याम्पस प्रमुखज्यू,
वी.वी.एस. अध्यापन गराउने सम्पूर्ण कलेज/क्याम्पस कलेजहरु ।

## विषयः- परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।

उपरोक्त सम्बन्धमा, पूर्वाञ्चल विश्वविद्यालयद्वारा बि.सं.२०८० (ई.सं.२०२३) सालमा सञ्चालन हुने व्यवस्थापन संकाय अन्तर्गत ४ **वर्षे वी.वी.एस.** शैक्षिक कार्यक्रम **प्रथम, दोस्रो, तेश्रो र चौथो** वर्ष नियमित तर्फका विद्यार्थीहरूलाई मिति २०८०/०६/२२ गते सम्म परीक्षा आवेदन फाराम भराई मिति २०८०/०६/२५ गते भित्र परीक्षा आवेदन फाराम र नियमानुसारको परीक्षा शुल्क तथा सम्बन्धन शुल्क वापतको रकम यस कार्यालयको नविल बैक लि.को A/C 00710017518402 मा जम्मा गरी सो को सक्कलै भौचर यस कार्यालयमा उपलब्ध गराई दिनुहुन जानकारी गराइएको छ । क्याम्पस/कलेजहरुले **कलेजका प्रतिनिधि मार्फत पू.वि.परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा उपलब्ध गराउन समेत जानकारी गराइन्छ ।** सम्बन्धित परीक्षार्थीहरूलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान ________ यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । **साथै परीक्षा आवेदन फाराम भराई सके पछि तपसिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालन गरि / गराई परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलव्ध गराउन हुन समेत जानकारी गराईन्छ ।**

**तपसिल**

(१) परीक्षार्थीहरूले परीक्षा आवेदन फाराममा भरेको विवरणको नाम, विषयहरू र अन्य विवरण समेत पूर्णरूपले रूजु गरी Batch छुट्याई परीक्षार्थीको नाम अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई प्रत्येक Batch को छुट्टाछुट्टै अभिलेख तयार गरी पठाउनु पर्नेछ । साथै परीक्षा फाराममा सम्बन्धित विद्यार्थीले भर्नु पर्ने विषय फरक परेमा उक्त विषय सच्याउन प्रति विषय रू ५००।– पू.वि. परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा शुल्क बुझाउनु पर्ने छ ।

(२) **परीक्षा आवेदन फाराममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नम्बर अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ । कुनै विद्यार्थीको रजिष्ट्रेशन सम्बन्धी कागजातहरू नपुग भई रजिष्ट्रेशन हुन नसकेमा त्यस्ता परीक्षार्थीहरूको फाराम स्वीकृत हुने छैन ।**

(३) आंशिक परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरूले मार्कसिटको प्रतिलिपि अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

(४) सम्बन्धित क्याम्पस / कलेजहरूले परीक्षा आवेदन फाराम पठाउँदा परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरूको विषयगत संख्या (Subject-wise Data) खुलाई अनिवार्यरूपले Batch अनुसार संलग्न गरी पठाउनु पर्नेछ ।

(५) परीक्षा आवेदन फाराममा रहेको तीन वटा फोटोमध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुई वटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

(६) परीक्षा आवेदन फारामको पछाडि रहेको सम्बन्धित परीक्षार्थीको हाजिरी प्रतिशत अनिवार्यरूपमा उल्लेख गर्नुपर्नेछ ।

(७) प्रत्येक परीक्षार्थीले प्रत्येक खण्डको छुट्टा छुट्टै परीक्षा आवेदन फाराम भर्नुपर्नेछ । तसर्थ कुनै परीक्षार्थीले कुनै खण्डको नियमित वा आंशिक विषय भरेको परीक्षा आवेदन फाराममा अर्को खण्डको विषय उल्लेख गर्न पाइने छैन । त्यसरी एकभन्दा बढी खण्डका विषय भरी परीक्षा आवेदन फाराम पठाइएमा पहिले परीक्षा हुने खण्डको परीक्षाका लागि मात्र मान्यता दिइनेछ ।

(८) परीक्षा आवेदन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।

(९) **परीक्षा शुल्क देहाय बमोजिम हुनेछ-**

| विवरण | शुल्क |
|---|---|
| **परीक्षा शुल्कः** (नियमित प्रतिखण्ड प्रतिविद्यार्थी २०२० समुह देखी) | रू. १२००।- |
| **परीक्षा शुल्कः** (अन्य वर्ष तथा समुह प्रतिखण्ड प्रतिविद्यार्थी) | रू. ७००।- |
| **बिलम्ब शुल्कः** | |
| १) तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र थप | रू. १०००।- |
| २) परीक्षा शुरु हुनु भन्दा १० दिन अगाडी सम्म | रू. २०००।- |
| ३) परीक्षा शुरु हुनु भन्दा ५ दिन अगाडी सम्म | रू. ३०००।- |
| **वी.वी.एस.सम्बन्धन शुल्कः** प्रति विद्यार्थी प्रति वर्ष (नियमित परीक्षार्थीका लागि मात्र) | रू ३,०००।- |

..........
परीक्षा नियन्त्रक

**नोटः** विलम्व शुल्कको २ र ३ नं. वमोजिम उपरोक्त शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन सुरुहुने परीक्षालाई परीक्षा सुरु भएको दिन मानिने छ ।